# चौविसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### राजारानी, धनकुटा

कोशी प्रदेश, नेपाल

प. सं. - ०८२/८३
च. नं. - १४६०

मितिः२०८२/१२/२६

**विषयः शैक्षिक सत्र सुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्बन्धमा।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
चौविसे गाउँपालिका, धनकुटा।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३४२ मिति २०८२/१२/२३ गतेको पत्रअनुसार शैक्षिक सत्र सुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्बन्धी पत्रको व्यहोरा अवगत गरी कुनै पनि विद्यालयहरुले शैक्षिक सत्र सुरु हुनु भन्दा अगाडि विद्यार्थी भर्ना नगर्नुहुन साथै नियम विपरित हुने गरी कुनै पनि शुल्क नलिनुहुन अनुरोध छ। प्राप्त पत्र यसैसाथ संलग्न गरी पठाइएको छ।

बोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, धनकुटा।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

गणेश बहादुर गुर्धामी
शिक्षा अधिकृत

Email: chaubisegapa@gmail.com / edudepchaubise@gmail.com
फोन नं. ०२६-४११०३१/४११०३३, मोबाइल नं. ९८५२०६२४०२
"मनोरम प्रकृति, पर्यटकीय स्थल चौविसेको सान – सुशासन सहितको दिगो विकास, हाम्रो साझा अभियान"

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- 3259
दर्ता मिति:- 12/23

सिंहदरबार,
काठमाडौं नेपाल ।

पत्र संख्या:- ८२।८२
चलानी नं.:- ४२५

मिति: २०८२।१२।२२
ने.स. ११४६

**विषय: शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्बन्धमा ।**

**श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरवार, काठमाडौं ।**

केहि विद्यालयहरुले शैक्षिक सत्र शुरु नहुदै विद्यार्थी भर्ना गरेको र विद्यार्थी भर्ना बापत अग्रिम शुल्क असुल गरेको भनि विभिन्न माध्यमबाट आएका सूचना एवं गुनासोहरु प्रति मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । शिक्षा नियमावली २०५९ को परिच्छेद १५ मा कसैले पनि शैक्षिक सत्र शुरु नभई विद्यार्थी भर्ना गर्न गराउन हुदैन भन्ने स्पष्ट व्यवस्था हुदाँहुदै र प्रचलित कानून अनुसार भर्ना भए पश्चात मात्र स्वीकृत भएको शीर्षकमा स्वीकृत भएको शुल्क मात्र लिन पाउने व्यवस्था हुदाँहुदै विद्यार्थीहरुबाट अग्रिम शुल्क असुल गरिएको साथै स्वीकृत भएको भन्दा बढि शुल्क लिइएको, तोकिएको शीर्षकमा भन्दा फरक शीर्षकमा शुल्क लिइएको, एउटै विद्यालयमा एक पटक भर्ना भए पश्चात पनि पटक पटक भर्ना शुल्क लिइएको आदि जस्ता गुनासो आएको र सम्मानित सर्वोच्च अदालतबाट फैसला भए बमोजिम शैक्षिक सत्र शुरु नहुदै भर्ना नगर्ने, नियमविपरीत शुल्क नलिने, कानुनी प्रावधान भन्दा बाहेक हुने गरी अग्रिम शुल्क लिएको भए तत्काल फिर्ता गराउन साथै सो अनुसार भए नभएको अनुगमन गरी नभएको भए सम्बन्धित विद्यालयलाई आवश्यक कार्वाही गर्ने व्यवस्थाका लागि सम्पुर्ण स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन अनुरोध छ ।

कृष्णचन्द्र पोखरेल
उपसचिव

**बोधार्थ:-**
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर ।
**श्री शिक्षा विकास तथा समन्वय इकाइ (सब):-** उल्लेखित विषयमा स्थानीय तहसग आवश्यक समन्वय एव

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३२५१
दर्ता मिति:- १२/२३

सिंहदरबार,
काठमाडौं नेपाल ।

पत्र संख्या:- ८२।८३
चलानी नं.:- ४२५

मितिः २०८२।१२।२२
ने.स. ११४६

विषयः शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

केहि विद्यालयहरुले शैक्षिक सत्र शुरु नहुदै विद्यार्थी भर्ना गरेको र विद्यार्थी भर्ना बापत अग्रिम शुल्क असुल गरेको भनि विभिन्न माध्यमबाट आएका सूचना एवं गुनासोहरु प्रति मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । शिक्षा नियमावली २०५९ को परिच्छेद १५ मा कसैले पनि शैक्षिक सत्र शुरु नभई विद्यार्थी भर्ना गर्न गराउन हुदैन भन्ने स्पष्ट व्यवस्था हुदाँहुदै र प्रचलित कानून अनुसार भर्ना भए पश्चात मात्र स्वीकृत भएको शीर्षकमा स्वीकृत भएको शुल्क मात्र लिन पाउने व्यवस्था हुदाँहुदै विद्यार्थीहरुबाट अग्रिम शुल्क असुल गरिएको साथै स्वीकृत भएको भन्दा बढि शुल्क लिइएको, तोकिएको शीर्षकमा भन्दा फरक शीर्षकमा शुल्क लिइएको, एउटै विद्यालयमा एक पटक भर्ना भए पश्चात पनि पटक पटक भर्ना शुल्क लिइएको आदि जस्ता गुनासो आएको र सम्मानित सर्वोच्च अदालतबाट फैसला भए बमोजिम शैक्षिक सत्र शुरु नहुदै भर्ना नगर्ने, नियमविपरीत शुल्क नलिने, कानुनी प्रावधान भन्दा बाहेक हुने गरी अग्रिम शुल्क लिएको भए तत्काल फिर्ता गराउन साथै सो अनुसार भए नभएको अनुगमन गरी नभएको भए सम्बन्धित विद्यालयलाई आवश्यक कार्वाही गर्ने व्यवस्थाका लागि सम्पुर्ण स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन अनुरोध छ ।

कृष्णचन्द्र पोखेल
उपसचिव

बोधार्थ:-
*श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।*
*श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै):- उल्लिखित विषयमा स्थानीय तहसंग आवश्यक समन्वय एवं सहजिकरण लागि ।*

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ३४२

मितिः २०८२/१२/२३

नेपाल संवत् ११४६

विषयः शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्वन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. ४२५, मिति २०८२/१२/२२ को शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।